आज मिती २०८२ असार ०४ गते बुधबारका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पदम बहादुर बोहरा ज्युको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितीमा नगर कार्यपालिका आर्थिक वर्ष २०८१/८२ को चौथो बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरीयो ।

## उपस्थिती

| सि.नं | नामथर | पद/दर्जा | कार्यालय/ठेगाना | मोबाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री पदम बहादुर बोहरा | नगर प्रमुख | मंगलसेन न.पा. | ९८६८५२३०५३ | |
| २ | श्री समिता कुमारी रावल | नगर उपप्रमुख | मंगलसेन न.पा. | ९८६८५९५९०७ | |
| ३ | श्री लोकराज नाथ | वडा अध्यक्ष | मंगलसेन न.पा. १ | ९८५८४८२१०१ | |
| ४ | श्री देवेन्द्र ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. २ | ९८५८४८२१०२ | |
| ५ | श्री बिर्ख बहादुर बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. ३ | ९८४८५२६७१० | |
| ६ | श्री नाम सिंह धामी | वडा अध्यक्ष | मंगलसेन न.पा. ४ | ९८४८६१५३८२ | |
| ७ | श्री झंकर प्रसाद भाट | वडा अध्यक्ष | मंगलसेन न.पा. ५ | ९८६८४१५६२४ | |
| ८ | श्री देवेन्द्र प्रसाद भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ६ | ९८५८४८२१०६ | |
| ९ | श्री राज बहादुर शाही | वडा अध्यक्ष | मंगलसेन न.पा. ७ | ९८५८४८२१०७ | |
| १० | श्री ज्ञानेन्द्र ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ८ | ९८६१५३९८४७ | |
| ११ | श्री पदम ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ९ | ९८५८४८२१०९ | |
| १२ | श्री जनक ब. कुँवर | वडा अध्यक्ष | मंगलसेन न.पा. १० | ९८५८४८२११० | |
| १३ | श्री नर बहादुर भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ११ | ९८६८४४८४४८ | |
| १४ | श्री खगेन्द्र ब. रावल | वडा अध्यक्ष | मंगलसेन न.पा. १२ | ९८५८४८२११२ | |
| १५ | श्री हिक्मत ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. १३ | ९८४८४२९५२५ | |
| १६ | श्री शिव बहादुर सोडारी | वडा अध्यक्ष | मंगलसेन न.पा. १४ | ९८५८४८२११४ | |
| १७ | श्री रेखा रावल | का.पा.स. | म.न.पा. ९ | ९८६४३१६५६४ | |
| १८ | श्री कौशिला ठकुल्ला | सदस्य | म.न.पा. ५ | ९८४८०८३५६९ | |
| १९ | श्री हंश थापा | सदस्य | म.न.पा. १ | ९८४४१६६२१५ | |
| २० | श्री भाना विष्ट | सदस्य | म.न.पा. ३ | ९८४६६९५७०४ | |
| २१ | श्री मनसरा ध्याइत | सदस्य | म.न.पा. ७ | ९७४६५३२८५२ | |
| २२ | श्री प्रेम भुल | सदस्य | म.न.पा. ४ | ९८४८५५००१५ | |
| २३ | श्री मुगा परियार | सदस्य | म.न.पा. १२ | ९८४७५४३३२८ | |
| २४ | श्री गोविन्द बि.क. | सदस्य | म.न.पा. ११ | ९७४२३७८८७५ | |
| २५ | श्री गेहेन्द्र बहादुर डाँगी | प्र.प्र.अ./सचिव | म.न.पा. | ९८५८४२९१११ | |

निर्णय नं. १

मिति २०८२ जेष्ठ ९ गते नगरसभाको १५ औं नगर अधिवेशनको पहिलो बैठकमा पेश गरिने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले दफा ६७ को उपदफा २ (क) अनुसार तयार पारिएको नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरियो ।

निर्णय नं. २

चालु आर्थिक वर्ष २०८१।८२ को लागी स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा आकस्मिक रुपमा संचालन गर्नु पर्ने योजना तथा कार्यक्रम तथा बिनियोजित शिर्षकमा रकम अभाव भएका शिर्षकहरुमा देहायका देहायका शिर्षकहरु संशोधन गरि रकम सुनिश्चित गर्ने र १५औं नगर सभावाट अनुमोदन हुने गरी खर्च लेख्ने ।

| क.स. | बिनियोजित बजेट शिर्षक | रकम | संशोधित शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | विउँविजन तथा औषधि खरिद र कृषक सम्मान कार्यक्रम म.न.पा.८ | ५०,००० | कालिका आ.वि. कम्प्यूटर तथा प्रिन्टर खरिद | ५०,००० |
| २ | स्वेच्छिक अवकाश बालविकास सहजकर्ता | ५००,००० | मुख्य सडक मर्मत | ५००,००० |
| ३ | कैलाश क्याम्पस भवन निर्माण | १०,००,००० | पाइप खरिद | १०,००,००० |
| ४ | विधालय दिवा खाजा कार्यक्रम म.न.पा.३ | ५०,००० | भान्छा घर निर्माण | ५०,००० |
| ५ | अनुगमन तथा सुपरिवेक्षण | ३००,००० | भ्रमण खर्च | ३००,००० |
| ६ | सेवा परामर्श शिर्षकबाट | ५००,००० | १.नेपाल स्काउट क्याम्पिङ्ग व्यवस्थापन<br>२. भलिबल सहभागि टिम खर्च र<br>३. उपभोक्ता संस्था परिचालन | १००,०००<br>५०,०००<br>१५०,००० |
| ७ | खेलमैदान जग्गा खरिद दायित्व बाँकि शिर्षक | २३००,००० | मुख्य सडक मर्मत शिर्षक | ७००,००० |
| ८ | ९.१ जनप्रतिनिधिकर्मचारी क्षमता विकास तालिम<br>९.२ सामजिक परिक्षण कार्यक्रम<br>९.३ सार्वजनिक सुनुवाई | ७००,०००<br>३००,०००<br>३००,००० | चारपांग्रे तथा दुइपांग्रे सवारी/साधन मर्मत | १३,००,००० |
| ९ | शनिखेत प्रतिक्षालय निर्माण-७ | ५०,००० | नानाखौंद-आसिकाट्ने-शनिखेत सडक निर्माण | ५०,००० |
| १० | अन्य सार्वजनिक निर्माण | ८०,००० | बौनालि सि.पो म.न.पा. ६ | ८०,००० |
| ११ | पोखराखौंद बहुप्राविधिक शिक्षालय ग्रा.स.-३ | ३००,००० | पोखराखौंद घट्टेखोला सडक निर्माण | ३००,००० |
| १२ | कैलाशमुठ जोड्ने सडक निर्माण निर्माण-१० | ३००,००० | वडा भित्रका ग्रामिण सडकहरु मर्मत | ३००,००० |
| १३ | बान्नातोलि-कैलाशमुठ सडक निर्माण | २५०,००० | विर्कु-चाटेकाफल सडक निर्माण-१२ | २५०,००० |
| १४ | श्री मङ्गलासैनी आ.वि. घेरापर्खाल निर्माण-१० | १००,००० | श्री मङ्गलासैनी आ.वि. फर्निचर खरिद | १००,००० |
| १५ | छेपतडा सडक निर्माण-९ | १५०,००० | खेलकुट ग्रावण्ड कटिङ्ग | १५०,००० |
| १६ | खेलमैदान जग्गा खरिद दायित्व बाँकि शिर्षक | २३००,००० | १. कालाखोला पहिरो नियन्त्रण, वडा नं ८ पहिरो व्यवस्थापन,<br>२. मुख्यबजार सडकमा होमपाइप बजार क्षेत्रमा सडक निर्माणको क्रमश: जोखिममा रहेको घर संरक्षण | ४००,०००<br>३००,००० |
| १७ | सभा सञ्चालन खर्च | २५०,००० | पुस्तक तथा सामग्रि छपाई/खरिद | २५०,००० |
| १८ | खेलमैदान जग्गा खरिद दायित्व बाँकि शिर्षक | २३००,००० | कैलाश क्याम्पस र कैलाश | ५००,००० |
| १९ | वडा भित्रका मुख्य सडक मर्मत शिर्षक म.न.पा-६ | २०००० | कुलेथान घेरावार साझेदारी | ६०,००० |
| २० | विविध खर्च शिर्षक म.न.पा. १३ | १५०,००० | डाडिगडे साल्पाटा ग्रामिण सडक निर्माण | १५०,००० |

०८१।३।८

निर्णय नं. ३

विभिन्न मितिमा विभिन्न व्यक्तिहरुसँग स्काभेटर र डोजर सम्झौता गरी भाडामा दिइएको सम्झौतामा स्काभेटरको लागि रु २०,००० सम्म र डोजरको लागि रु १०,००० सम्म मर्मत वापतको दोस्रो पक्षले नै गर्ने र सो रकम माथिको मर्मत नगरपालिकाले व्यहोर्ने अपरेटर र स्टोरको रोहवरमा भएको मर्मत तत्काल पालिकाबाट भुक्तानि हुने अवस्था नरहेकोमा सम्बन्धित दोस्रो पक्षले भुक्तानि गरेको देहायको मर्मत खर्च र ईन्धन वापतको रकम भुक्तानि गर्ने ।

| | |
|---|---|
| छत्र बोहरा | रु १०५,००० स्काभेटर मर्मत(जम्मा प्रयोग घण्टा-३४७.५) |
| छत्र बोहरा | रु ८९,६०० फर्कदा ईन्धन खर्च ५.१२ लीटर |
| दिपक खत्रि | रु ९५,००० जीर्णवि डोजर मर्मत (जम्मा प्रयोग घण्टा-४१५) |

निर्णय नं. ४

नगरपालिकाबाट सम्पादन हुने सेवा प्रवाहमा हुने ढिलासुस्ति सम्बन्धमा जनगुनासो बढिरहेकोले सेवाको प्रक्रिया हरी तोकिएको समयभित्र सेवा दिनु पर्ने अन्यथा सेवाग्राहिमा ढिलासुस्तिका कारण पुग्नजाने क्षतिको क्षतिपूर्ति दिने व्यवस्था लागु सम्बन्धमा थप अध्ययन तथा छलफल गरी आगामी बैठकमा प्रस्ताव लैजाने ।

निर्णय नं. ५

अतिरिक्त समयमा स्थलगतरुपमा खटिइ व्यवसाय दर्ता तथा नविकरण शुल्क संकलन गरी राजस्व बृद्दि भएमा त्यसरी संकलित शुल्कको १० प्रतिशले हुन आउने रकम स्थलगत रुपमा खटिने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

निर्णय नं. ६

नगरकार्यपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत स्थायी, अस्थायी, करार, ज्यालादारी पदमा कार्यरत कर्मचारीहरुको हाजिरी, विदा र काज नियमन गर्ने, विदा स्वीकृत नगराई अनुपस्थित हुने कर्मचारीको अनुपस्थित दिन बराबरको तलभ भत्ता कट्टा गर्ने ।

निर्णय नं. ७

महालेखा परीक्षकको कार्यालयको विभिन्न वार्षिक प्रतिवेदहरुमा कर्मचारीहरुको नाममा अशुल गर्नुपर्ने भनि लगत कायम हुन आएको बेरुजु अशुलिको लागि परिपत्र/निर्देशन गर्ने फछर्यौट नगरेमा निजको तलव भत्तावाट कट्टा गरी फछर्यौट गर्ने ।

निर्णय नं. ८

कृषि हाटबजारमा रहेको सटरहरु सम्झौता गरी भाडामा लिएका तपशिलका व्यक्तिहरुले भाडा वापतको बक्यौता रकम हालसम्म पनि नबुझाएकोले निज व्यक्तिहरुलाई

निर्णय नं. ९

नगरमा जनसंख्या निरन्तररुपमा घट्दो रुपमा रहेको साथै नगरको संघिय सरकारबाट र प्रदेशसरकारबाट प्राप्त हुने वितिय हस्तान्तरण रकम र नगरपालिकाको आन्तरिक श्रोत निरन्तर रुपमा घट्ने अवस्थामा रहेकोले जनसंख्याको चापअनुसार स्वास्थ्य संस्थाहरुलाई एकिकरण र व्यवस्थापनको लागि सिफारिश गर्न तपशिल अनुसारको समिति गठन गरियो ।

| | |
|---|---|
| श्री संगिता कुमारी रावल, नगरउपप्रमुख | संयोजक |
| श्री बिर्ख बहादुर बोगटि, सामाजिक विकास समिति संयोजक,वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| श्री ज्ञानेन्द्र बहादुर बोहरा, सुशासन विकास समिति संयोजक,वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| श्री भुमिनन्द ढुङ्गाना, स्वास्थ्य शाखा प्रमुख, | स-सचिव |

निर्णय नं. १०

नगरपालिकाको नाममा रहेका दुईपाङ्ग्रे सवारी साधनहरुको लगत एकिन गर्ने, कार्यालय प्रयोजन बाहिर/घरायसि प्रयोजनमा प्रयोग भएका सवारी साधनहरु कार्यालय प्रयोजनमा प्रयोग हुने गरी व्यवस्थापन गर्ने।

निर्णय नं. ११

अतिरिक्त समयमा स्थलगतरुपमा सरसफाई शुल्क संकलनमा खट्ने कर्मचारीहरुलाई संकलन भएको शुल्कको १० प्रतिशले हुन आउने रकम प्रोत्साहन भत्ता उपलब्ध गराउने ।